कीर्तिपुरको चित्रण

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

# कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY

साप्ताहिक

वर्ष ५ अंक २५(संयुक्तांक २३०) ने. सं. ११३६ पोहेलागा तृतिया बुधवाः २०७२ माघ १३ गते बुधवार (Jan 27, 2016) मूल्य रु.५/- पृष्ठ १४

India's 1 Playschool Chain
SHEMROCK
SIMRIK



## Admission Open
PreNursery to Kindergarten

Delhi's No. 1 Preparatory School

FEATURES >>
- Well Conceptualized & Child-Friendly Environment
- Unique Shemrock System of Education
- Activity Oriented Shemrock Learning Material
- Theme-based Activities
- Basic Skill Development
- All Round Personality Grooming
- Nutritious & Hygienic Mid-Day Meals
- Stage Exposure, Regular Picnics & Celebrations
- Bright & Colurful School Dress
- Transport Facility with Attendants
- Periodic Health Check Up
- Regular Parents Teachers Interaction
- Caring & Well-Trained Teachers
- Supported by Foreign Qualified Educationists

"First Time Montessori School in Kirtipur"



SHEMROCK
SIMRIK
Int'l Pre-School
Bahiri gaun, Kirtipur - 17
Call: 4330646, 9841353526

नेपालको लागी आधिकारीक विक्रेता
MOBILAND ELECTRONIC PVT.LTD.

WishPOWER
POWERFUL GENSTETS

India's No. 1 Power Gensets Now in Nepal

DEALERS wanted for all over Nepal



Contact Resource 9813802830

(2.5 to 125 KVA)
Diesel & Petrol

MOBILAND ELECTRONIC PVT.LTD

Authorized Distributor for Nepal
MOBILAND ELECTRONIC PVT. LTD.
Kirtipur-17, Kathmandu,
Nepal

Contact Numbers
+977 (01) 4332057 (t)

Email: info@mobilandelectronic.com
Web: http://www.mobilandelectronic.com

Address (Branch & Service Center)
Kuleshowr , Kathmandu
Nepal

Toll Free No.: - 16600100022

कोरियन
भाषा कक्षाहरु संचालन भइरहेका छन्

VALLEY
Institute Kirtipur
NEAR KIRTIPUR NEW GATE Ph: 01-4332509

- दैनिक ३ घण्टा EPS-Topic परीक्षाको लागि तयारी कक्षा र हरेकदिन Class Test को व्यवस्था ।
- Books/CDsहरुको राम्रो व्यवस्था साथै Audio/Visual र Exercise and Question Books को व्यवस्था ।
- EPS-TOPIKको परीक्षालाई मध्यनजर गरी परीक्षामा विद्यार्थीहरुले सामना गर्नु पर्ने सम्भावित समस्याहरुलाई सम्बोधन गर्ने गरी हरेक हप्तामा छुट्टै Full Model Test (Weekly Test)
- नियमित परीक्षाहरुको माध्यमबाट विद्यार्थीहरुको स्तर छुट्याई सोही अनुरुपकोविशेष कक्षाहरुको व्यवस्था
- कमजोर विद्यार्थीहरुले Supporing Class अनिवार्य रुपमा लिने व्यवस्था
- विगतका वर्षहरुमा विद्यार्थीहरुलाई सर्वाधिक उत्तीर्ण गराउन सफल

यसपाली चाहिं
जसरी
पनि जाऔं है
कोरिया

# नेपाली महिलाको गरिबी अवस्था



**तुलसा दुलाल**
अध्यापन,
पाटन संयुक्त क्याम्पस

नेपाल जीबनस्तर सर्वेक्षण तेश्रोले महिलाको पनि गरिबी घटेको तथ्यांक देखाएको छ । केन्द्रीय तथ्यांक बिभागले सालाखाला २५.१६ प्रतिशतमा गरिबी झरेको तथ्य प्रकाशमा ल्याएको छ । शहरी र ग्रामिण क्षेत्रमा गरिबीको दर तुलना गर्दा शहरी क्षेत्रमा करिब १५ प्रतिशत र ग्रामिण क्षेत्रमा करिब २७ प्रतिशत संख्या गरिबीको रेखामुनि रहेको अनुमान गरिएको छ। यस तथ्यांकलाई आधार मान्ने हो भने बिगत सात बर्षमा करिब ६ प्रतिशतले गरिबी घट्यो। उमेर र लिंगको आधारमा छुट्याएर हेर्ने हो भने गरिबीका दरहरु समान देखिन्छन् । तापनि पुरुष परिवार मूली भएका मध्ये २६ बर्षदेखि ४५ बर्ष उमेर समूहका परिवारको गरिबीको दर केहि बढी छ भने महिला परिवार मूली भएका परिवारको गरिबी तुलनात्मक रुपमा कम रहेको देखिएको छ। पुरुषहरु २५ बर्ष वा सो भन्दा कम उमेर समूहको घरमूली भएको परिवामा २४.४९ प्रतिशत गरिबी र पुरुषहरु २६ बर्षदेखि ४५ बर्ष उमेर समूहमा घरमूली भएकामा २७.३० प्रतिशत गरिबी र पुरुष घरमूली ४६ देखि माथि भएकामा २४.२९ प्रतिशत गरिबी रहेको देखाएको छ । तर महिला घरमूली भएको परिवामा २३.६९ प्रतिशत मात्र गरिबी रहेको तथ्यांकले देखाएको छ । त्यसले गर्दा महिलाहरुको लागि भने यसलाई महत्वपूर्ण उपलब्धी नै मान्न सकिन्छ ।

तर नेपालका महिलाहरुको मात्र बर्तमान स्थितिलाई हेर्ने हो भने हरेक क्षेत्रमा लैंगिक अन्तर धेरैनै देखिन्छ। महिला घरमूली हुँदा केहि मात्रामा गरिबी घटेको देखिएता पनि हाल महिला घर मूली झण्डै २६ प्रतिशत छन् भने पुरुषहरु ७५ प्रतिशत रहेको सन् २०११ को जनगणनाले देखाएको छ। तर घरको स्वामित्व भने ५.५ प्रतिशत महिलाहरुमा मात्र देखिएको छ । त्यस्तै जग्गाको स्वामित्व भएका महिलाहरु १०.८ प्रतिशत छन् । यो प्रतिशत भनेको जग्गा किन्दा महिलाहरुलाई सरकारले कर छुट गरेको कारणले नै बढेको देखिन्छ। (CBS 2003) .

तथ्यांक अनुसार १५ प्रतिशत महिलाहरुमा मात्र घरको आम्दानीको स्रोतहरुको बाँडफाँड गर्ने अधिकार रहेको देखिन्छ। त्यसैले महिलाहरुमा सम्पतीको मालीक हुने स्तर धेरै नै कम देखिन्छ । कृषि बाहेकका क्षेत्रहरुमा महिलाहरुको सहभागिता पनि न्यून नै देखिएको छ । त्यसैले भन्न सकिन्छ कि निर्णायक तहमा पनि महिलाहरुको सहभागिता कमि नै देखिएको छ । अफिसियल औद्योगिक र ब्यापार सँग सम्बन्धित जागिरमा महिलाहरु अझै पछाडि परेका देखिन्छन् । भने अधिकांश महिलाहरु कृषि क्षेत्रमा र कम मात्र गैरकृषि क्षेत्रमा सहभागी छन् । त्यसैले महिलाहरु अझैपनि आश्रित जीबन नै जीउन बाध्य भएको देखिन्छ। त्यस्तै १४ प्रतिशत मात्र महिलाहरु सिभिल सर्भिसमा कार्यरत अर्थात स्थायी सरकारी जागिरे छन् । राजपत्रांकितमा ‘क’ श्रेणि देखि ‘ग’ श्रेणि सम्ममा ६ प्रतिशत भन्दा कम रहेका छन् । तर निर्णायक तहमा भने २ प्रतिशत महिलाहरुमात्र रहेका छन् ।

अर्को तर्फ ठूलो संख्यामा शिक्षण पेशामा महिलाहरुको सहभागिता देखिन्छ । तर प्राथमिक तहमा मात्र महिलाहरुको सहभागिता धेरै अर्थात ३५.५ प्रतिशत छ भने १८ प्रतिशत निम्न माध्यमिक तहमा ९ प्रतिशत महिलामात्र माध्यमिक तहमा कार्यरत छन् (शिक्षा बिभाग २०६३) । उच्च शिक्षाको शिक्षणमा सहभागी हुने महिलाहरुको संख्या झनै न्युन देखिन्छ । त्यस्तै ५.५ प्रतिशत महिलाहरु प्रहरी सेवामा कार्यरत छन् भने १.२ प्रतिशत महिलामात्र नेपाल आर्मिमा कार्यरत रहेका छन् । तर धेरैजसो डाक्टर, नर्स र प्राबिधिक क्षेत्रमा मात्र सहभागि रहेको देखिन्छ ( नेपाल आर्मि २०६५) । त्यस्तै १२ प्रतिशत महिलाहरुमात्र मास मिडिया क्षेत्रमा कार्यरत रहेको देखिएको छ (सञ्चारिका समूह) ।

र सबैभन्दा कम महिलाहरु न्यायिक क्षेत्रमा कार्यरत रहेको देखिएको छ । सर्वोच्च अदालतका २२ जना न्यायधीशहरु मध्ये २ जना न्यायाधीश मात्र महिला छन् भने ७८ जना न्यायधीश रहेको पुनराबेदन अदालतमा १ जना मात्र महिला न्यायाधीश कार्यरत छन् । ५२ जना सिनियर वकिलमध्ये २ जना वा ४ प्रतिशत महिलामात्र सिनियर वकिल रहेका छन् । त्यस्तै ७ प्रतिशत महिलामात्र अधिबक्ता रहेको देखिएको छ (नेपाल बार काउन्सिल) ।

बर्तमान अबस्थामा राजनीतिक क्षेत्रमा महिलाहरुको सहभागिता केहि सुधीएको देखिन्छ। सन् २००० को आम चुनाबमा २०५ जना संसद मध्ये १२ जना महिला अर्थात ५.९ प्रतिशत मात्र महिला सांसद थिए भने २००८ को निर्बाचनमा प्रत्यक्ष र अप्रत्यक्ष गरी जम्मा ५७ जना अर्थात ३३ प्रतिशत महिलाहरु सभासद् भएका थिए । तर लगभग ४.८ प्रतिशत महिलामात्र मन्त्रीमण्डलमा सहभागी भएका थिए (नेपालको मन्त्रीमण्डल २०६४) । त्यस्तै संबैधानिक अंगहरुमा राजनैतिक नियुक्तिमा राष्ट्रिय योजना आयोगमा अरु आयोगहरुमा बिभिन्न संस्थानको जी.एम. आदि पदहरुमा महिलाहरुको सहभागिता अत्यन्तै न्यून देखिएको छ । त्यसैले महिलाहरुको निर्णयक तहमा सहभागिता अत्यन्तै न्युन रहेको देखिएको छ ।

माथिको तथ्यांकलाई हेर्दा कृषि र घर परिवार बाहेकका क्षेत्रमा महिलाहरुको सहभागिता बढ्दै गएको देख्दा महिलाहरुको पनि गरिबी घट्दै गएको अनुमान गर्न सकिन्छ। तर अझै पनि महिलाहरु प्रायजसो पैसा पाउने काम भन्दा पैसा नपाउने काममा बढी संलग्न रहेको देखिन्छ । ७४.८ प्रतिशत महिलाहरु पारिबारिक श्रमसक्ति रहेका छन् (केन्द्रीय तथ्यांक बिभाग २००९) । ठूलो अनुपातमा रहेको आर्थिक रुपमा सक्रिय महिलाहरुको पनि अझै आर्थिक स्रोतहरुमा पहुँच नरहेको देखिन्छ। गैर कृषि क्षेत्रमा पनि महिला र पुरुषले पाउने ज्यालामा धेरै भिन्नता देखिएको छ । औशतमा महिलाहरुले मासिक रु १४८.९ पाउँछन् भने पुरुषहरुको औशत ज्याला रु. २१२.५ देखिन्छ (भट्टराई २००९) । त्यसैले महिलाहरुले अझै पनि उस्तै प्रकृतिको काममा पुरुषहरु बराबरी ज्याला पाउन सकेका छैनन् ।

तर बिगतका पछिल्लो समयमा भने परम्परागत काममा भन्दा नेपाल आर्मि र बैदेशिक रोजगारीमा महिलाहरुको सहभागिता ह्वात्तै बढेको देखिन्छ। सन् २००६ र ०७ मा मात्र बैदेशिक रोजगारीमा महिलाहरु १.९ प्रतिशतले बृद्धि भएको देखिन्छ (भट्टराई २००९) । हाल बैदेशिक रोजगारीमा सहभागी हुने महिलाहरु १३.२ प्रतिशत छन्। यसमा पनि महिलाहरुलाई बैदेशिक रोजगारीमा जानको लागी बन्द गरिएका देशमा जानेर वा नजानेर अनौपचारिक रुपमा धेरै नै बढेको देखिन्छ । यसले गर्दा आफ्नै देशमा दलाल र एजेन्सीबाट र कामका लागि जाने देशमा धेरै नै शारीरिक र मानसिक हिंसा भएको देखिन्छ । तर पनि महिलाहरुले बैदेशिक रोजगारीबाट कमाएर पठाएको पैसाले उनीहरुको छोराछोरिको पढाई, स्वास्थ्य र घर ब्यबहारमा खर्च भएको कारणले पनि केहि गरिबी घटाउन सहयोग पुगेको छ ।

यसरी हेर्दा बिगत पहिलो र दोस्रो जीबनस्तर सर्बेक्षण भन्दा तेश्रो जीबनस्तर सर्बेक्षणमा महिलाहरुको पनि गरिबी घट्नुमा सरकारी क्षेत्रका जागिरमा महिलालाई आरक्षण दिनु स्वास्थ्य एबं शिक्षा क्षेत्रका सूचकांक सुधारिदै जानु शिक्षा र स्वास्थ्यमा निशुल्क कार्यक्रमहरु आमा सुरक्षा जस्ता कार्यकमहरुले सुत्केरी हुन अस्पताल आउँदा बाटो खर्चको ब्यबस्था, सामाजिक सुरक्षा अन्तर्गत बृद्ध र बिधवा भत्तामा केहि सुधार गरियो यी कारणहरुले पनि गरिबीलाई बिस्तार हुनबाट रोक्यो अर्को तर्फ गरिबी घट्नुको मुख्य स्रोत नै बिप्रेषण देखिन्छ। महिलाहरु पनि बैदेशिक रोजगारिमा गएर आम्दानी गर्नुले केहि मात्रामा गरिबी घटेको देखिन्छ तर बैदेशिक रोजगारि महिलाहरुको लागि झनै जोखिमपूर्ण रहेको देखिन्छ ।

यसरी समाजमा चेतना, समानता, सूचना, रेडियो, टि.भी. र हातहातमा मोबाईलको पर्याप्तता सामाजिक राजनीतिक सूचना एबं सञ्चारमा आएको परिबर्तन, चेतनाको अभिबृद्धि, निर्णय तरिकामा परिबर्तन, जस्ता धेरै परिबर्तन आए जसले गर्दा मानिसहरुले बुद्धिपुर्‍याएर खर्च गर्ने तरिकामा परिबर्तन आएको अबस्थामा बिप्रेषणको प्रबाहले जीबनस्तरलाई ह्वात्तै माथि लग्यो अर्थात उपभोग्य बस्तुको बिस्तार भयो । तर आयस्रोत सँगसँगै महंगी र राजनीतिक भ्रष्टाचार दलहरुको भागबण्डामा बजेटहरु बाँडफाँड हुने उत्पादन कम भएकोले महंगी बढ्दै जाने र उपभोग्य बस्तुको बिस्तार भएको कारणले अबका दिनहरुमा गरिबी झनै बढ्ने देखिन्छ । सामाजिक संरचना अन्तर्गत महिलालाई हेर्ने दृष्टिकोणमा परिबर्तन आउन सकेको छैन पुरुषहरुको शिक्षाको तह बढ्दै जाँदा दाइजोको स्तर बढ्दै जाने परम्परा अझै कायम छ । बिबाह पछि पारिबारिक सम्पत्तिको स्तर नमिल्दा महिलाहरु अझै मानसिक हिंसाबाट पिडित हुनुपर्छ। दाइजो बोक्सी शारिरिक र मानसिक हिंसा आंग खस्ने समस्या अझै जीउँका तिउँ छन् ।

गाउँघरमा मकै भट्टमासको सट्टा चाउचाउ, सूर्तीको सट्टा कोक, छ्यांग को सट्टा बिदेशी ब्राण्डका रक्सिहरु प्रयोग गर्दैमा गरिबी घट्छ त ? यी सम्पूर्ण उपभोग्य बस्तुहरुले जीबनस्तरमा आएको यो परिबर्तन बिप्रेषणकै प्रभाब देखिन्छ भने बिप्रेषाण आफैमा अल्पकालिन बिषय हो ।

लेखक पाटन सयुक्त क्याम्पसमा प्राध्यापनरत छन

## तिन दिन भित्र १३९ शेयर गरेको फेसबुकको समाचार



नेपाल पत्रकार महासंघको संस्थापक अध्यक्षको सवालमा भएको विवाद वारे श्रीकृष्ण महर्जनले आफ्नो फेस बुकमा राख्नु भएको समाचार लाइक भन्दा बढि शेयर भएका छन्। तीन दिन भित्र १३८ भन्दा बढिले शेयर गरेका छन् भने ६८ जनाले मात्र लाइक गरेका छन्। यसबाट नै यो समाचारलाई आम नागरिकले कसरी लिइएको छ भन्ने कुरा प्रष्ट भएको छ।

## फेस बुकमा पोष्ट भएको समाचारः पत्रकारहरुको लुकाइएको इतिहास

नेपाल पत्रकार महासंघका संस्थापक अध्यक्ष सत्यनारायण बहादुर श्रेष्ठ

नेवाः पत्रकार राष्ट्रिय दबू ललितपुर शाखाको आयोजनामा शनिवार माघ ९ गते भएको कार्यक्रममा नेपालका पत्रकाहरुको छाता संगठन नेपाल पत्रकार महासंघको संस्थापक अध्यक्षको सवालमा इतिहास लुकाइएको कुरा स्पष्ट भएको थियो। कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य लक्की चौधरीले सत्यनारायण बहादुर श्रेष्ठ पत्रकार महासंघका संस्थपक अध्यक्ष श्रेष्ठ भएको प्रमाण पेश गर्नु भएको थियो । कार्यक्रममा श्रेष्ठकी छोरी सुमिता मानन्धरले पत्रकार महासंघको संस्थापक अध्यक्ष कृष्णप्रसाद भट्टराई भनी समाचारमा आज भन्दा १२ बर्ष भन्दा अगाडी आफ्नो बुबा हास्नु भएको कुरा बताउनु भयो । नेवाः पत्रकार राष्ट्रिय दबूका केन्द्रीय अध्यक्ष श्रीकृष्ण महर्जनले पत्रकार महासंघका संस्थापक अध्यक्ष सत्यनारायण बहादुर श्रेष्ठ नै भएकोले वास्तविकता स्वीकार गर्न लागाउन सबै प्रकारका प्रयास जारी राख्ने बताउनु भएको थियो । पत्रकार दबू ललितपुरका अध्यक्ष सुरज ब्यञ्जनकार, केन्द्रय उपाध्यक्षहरु राज्यलक्ष्मी शाक्य, सुनिल महर्जन, महासचिव उदेन न्हसायिम, सचिव सुरज ब्यञ्जनकार, केन्द्रीय सदस्य राजेन्द्र महर्जन लगायतले पनि वास्तविक इतिहासलाई अगाडी ल्याउन सबै एकजुट हुनुपर्ने बताउनु भएको थियो ।

कीर्तिपुरको चित्रण

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

# कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY

साप्ताहिक

वर्ष ५ अंक २५(संयुक्तांक २३०) ने. सं. ११३६ पोहेलागा तृतिया बुधवाः २०७२ माघ १३ गते बुधवार (Jan 27, 2016) ) मूल्य रु.५/- पृष्ठ १६

# ‘सहिदहरुको पहिचान नलुकाऔं’ अभियान



नेवाः प्रदेशमा आदिवासी जनजाति जागरण अभियानले दोस्रो चरणको कार्यक्रम घोषणा गरिने





**कीर्तिपुर सन्देश साप्ताहिक**

मुलुकमा प्रजातन्त्र स्थापनाका लागि ज्यानको आहुति दिने सहिदहरु भन्दाखेरि सबै भन्दा पहिला नेपालीहरुको मनमा राणा शासन विरुद्धको आन्दोलनमा सहिद भएकाहरुको अनुहारको सम्झना आउने गरिन्छ।

तत्कालिन अवस्थामा जहानीय राणा शासन विरुद्धको आन्दोलनमा लागेका चार सहिदहरुको सालिक राजधानीको शहिद गेटमा राखीएको छ।

चार सहिदहरुको माथि त्रिभुवनको शालिक राखिएको अवस्था छ। त्रिभुवनको शालिक राख्नु भनेको सहिदहरु भन्दा पनि माथि रहेको त हैन भनी प्रश्न उठ्नु स्वाभाविकै हो। त्यसै गरि सहिदहरुको नामको पहिचान समेत लुकाउने गरेको कुरा पनि आउछ। चार सहिदहरु भन्दाखेरि दशरथ चन्द, धर्मभक्त, गंगालाल र शुक्रराज शास्त्री भन्ने गरिन्छ।

चार सहिदहरु मध्ये तीन जना नेवाः समुदायका योद्धाहरु हुन। गंगालला श्रेष्ठ, धर्मभक्त माथेमा र शुक्रराज शास्त्री जोशी हुन।

तीनै जनाको नाम मात्र राखी थर भने प्रचारमा ल्याइएको छैन। त्यसैले नेवाः समुदायदेखि आदिवासी जनजातिहरुले सहिदहरुको पहिचान समेत राज्यले लुकाउदै आएको अनुभुति गर्न थालेका छन्।

त्यसैले नेवाः प्रदेशमा आदिवासी जनजाति जागरण अभियानले यस पटकको सहिद दिवस माघ १६ गते मनाउने क्रममा शहिदगेटमा पुगी सहिदहरुप्रति श्रद्धाञ्जली ब्यक्त गर्नुका साथ साथै सहिदहरुको पहिचान समेत खुल्ने गरि ब्यानर प्रदर्शन गर्ने भएको छ।

सो कार्यक्रममा नेवाः प्रदेशमा आदिवासी जनजाति जगरण अभियानले दोस्रो चरणको अभियान अन्तर्गत एक महिनाको कार्यक्रम समेत सार्वजनिक गर्ने भएको छ।

संविधासभावाट जारी भएको संविधानमा नेपालका आदिवासी जनजातिहरुलाई कसरी विभेद पारिएको छ भन्ने विषयमा बुझाउने अभियानको रुपमा उपत्यकाका विभिन्न स्थानमा हुने ती कार्यक्रमहरुमा कीर्तिपुरमा पनि विशेष कार्यक्रम गर्ने जनाएको छ।

यस अघि जारी भएको संविधानमा नेवाः लगायत आदिवासी जनजातिहरुलाई विभेदमा पारिएका विषयमा बुझाउने क्रममा नेवाः प्रदेशमा आदिवासी जनजाति जागरण अभियानले संचालन गरेको एक महिने जनजागरण अभियानको समापन समारोह कीर्तिपुरको छ्याकः ल्वहंमा थुक्दै समापन गरिएको थियो।

Learning is the eye of the mind. At STAR, it is fun and exciting.

Admission Open For 2072/2073

in Play Group (Pre Nursery)

Star Pre-school
20 72
Kirtipur, Kathmandu

**Star Pre – School**

(Montessori and Conceptual School)

- Learning with fun
- Integrated Curriculm
- Centrally Located
- Healthy food
- Music, Dance, Art Classes
- Parents Counseling
- Outdoor Activities
- Periodic Health Checkup
- Extra Hours child support for busy Parents
- Montessori and conceptual Method of Teaching









Nayabazar, Kirtipur (Ace Bank Galli)

phone No. 014331174, 9841408785

**कानुनी सल्लाहकार**
**ज्ञानबहादुर महर्जन**
**प्रकाशक**
**नजरराम महर्जन**
**(९८४१४०१०७७)**
**सम्पादक**
**श्रीकृष्ण महर्जन**
**प्रवन्धक**
**निरजमान सिंह**

व्यवस्थापन
**भरत महर्जन**
वेभसाइट व्यवस्थापन
राज श्रेष्ठ
प्रेस: शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालय: **निखासी टोल: कीर्तिपुर नपा-३**
फोन नं.: ४३३३००७
**kirtipur_sandesh@live.com**
http://kirtipursandesh.blogspot.com

**काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८**

## सम्पादकीय

# राजनीतिक हैन आर्थिक एजेण्डा बोकेको बाबुरामको नयाँ शक्ति

**पुर्व प्रधानमन्त्री डा. बाबुराम भट्टराइले लामो समय पछि आफूले बनाउन लागेको नयाँ शक्ति राजनीतिक पार्टीको मूल एजेण्डा र राजनीतिक लाइन स्पष्ट पार्ने काम गरेको छ । संविधानसभाबाट संविधान जारी भएपछि एकाएक एकीकृत माओवादीका उपाध्यक्ष एवं पूर्व प्रधानमन्त्री डा. बाबुराम भट्टराईले पार्टी र संसद पद समेत परित्याग गर्नु भएको थियो । उहाँको सो त्याग संगसँगै नयाँ शक्ति अभियान पनि सुरु भएको थियो ।**

**प्रधानमन्त्री हुँदा विकास निर्माण गरेको र अर्थमन्त्री हुदाँ पनि अर्थतन्त्र राम्रो बनाएको भनी आम जनताले थानेका डा. बाबुराम भट्टराईले कस्तो नयाँ शक्ति निर्माण गर्ने हो र राजनीतिक लाइन कस्तो हुने हो भनी नेपालको राजनीतिमा सबैको चासोको विषय बनेको थियो ।**

**उहाँले परिकल्पना गर्नु भएको राजनीतिक पार्टीको संरचना र लाइनको सवाल केहि दिन अधिमात्रै केहि मात्रामा स्पष्ट पार्ने काम भएको छ । डा. बाबुराम भट्टराइको संयोजकत्वमा नयाँ शक्तिको केन्द्रीय परिषद् गठन गरेपछि साच्चै बाबुराम भट्टराईको पछाडी को को रहेछ र सो राजनीतिक शक्तिले लिने राजनीतिक लाइन कस्तो हो भन्ने कुरा बुझ्न सजिलो भएको छ । नयाँ शक्तिले अवको लाइन भनेको विकास र समृद्धि भनी नारा दिनु र राजनीतिक रुपले क्रान्ति एक ढंगवाट सम्पन्न भएको ठान्नु भनेको पुँजीवादी समाजवादी लाइन बोकेको पार्टी हो भनी सहजै अनुमान गर्न सकिने भएको छ । अब नयाँ शक्तिले जारी संविधान संशोधनको लाइन बोक्ने र समानुपातिक समावेशीलाई पनि मुद्दाको रुपमा उठाउने तर मूल रुपमा राजनीतिक लाइन भन्दा पनि आर्थिक र विकासको लाइनलाई बोकी सरकारमा जाने नीति सहितको नयाँ पार्टीको रुपमा नयाँ शक्ति जानेछ भन्दा केहि फरक नपर्ला ।**



नेवा: पत्रकार राष्ट्रिय दबू ललि[redacted] आयोजनामा शनिवार माघ ९ गते भएको कार्य[redacted]काहरुको छाता संगठन नेपाल पत्रकार महासंघको [redacted] सवालमा इतिहास लुकाइएको कुरा स्पष्ट भ[redacted] पत्रकार महासंघले अहिले सम्म पनि कृष्णप्र[redacted]हासंघको संस्थापक अध्यक्ष मान्दै आएको अव[redacted]र्यक्रममा पहिलो [redacted]ल पत्रकार महासंघ[redacted] सत्यनारायण ब[redacted] तस्वीर समेत सार्व[redacted]।

# एकीकरणदेखि सुगौली सन्धिसम्मको तथ्य इतिहासमा–६

**फणिन्द्र नेपाल**

**नेपाली भूमिको अंग्रेजी वितरण :**

अंग्रेजहरूले नेपालसँग युद्धको घोषणा गर्नुपूर्व नेपालले जितेका महाकालीपारिका भूभागका पराजित र असन्तुष्ट राजा रजौटाहरूलाई युद्धमा सघाएमा पुनः राजा बनाइदिने प्रलोभन दिएका थिए । यस्तै प्रलोभन सिक्किमका राजालाई पनि दिइएको थियो । सिक्किम र दार्जीलिङको मोर्चामा नेपालले नै विजयश्री कायम राखेको भए पनि सन्धिमा छल गरी मेची र टिस्टा बीचको पहाडी र तराई दुवै क्षेत्रको भूमि लिन अङ्ग्रेज सफल भयो । नेपाललाई अघि बढ्न नदिने उद्देश्यले सन् १८१७ फेब्रुअरी १० मा भएको तितालिया सन्धि (अनुसूची :७) अनुसार कम्पनी सरकारले मेची र टिस्टाबीचका पहाडी भूभाग सिक्किमलाई प्रदान गऱ्यो । यसै गरी सन् १८१७ अप्रिल ७ को एक सनद अनुसार इस्ट इन्डिया कम्पनीले मेची नदीदेखि पूर्व र महानदीदेखि पश्चिमका बीचको सम्पूर्ण तराई सिक्किमलाई दियो ।

सन् १८१५ डिसेम्बर २ मा प्रस्तावित सुगौली सन्धिप्रति नेपालले असन्तुष्टि प्रकट गरेपछि अंग्रेज पक्षले नेपालसँग युद्धको दोस्रो अध्याय सुरु गर्ने निर्णय गऱ्यो तर त्यस बखत उसको आर्थिक अवस्था कमजोर बनेको थियो ।

सन् १८१५ डिसेम्बर २ मा प्रस्तावित सुगौली सन्धिप्रति नेपालले असन्तुष्टि प्रकट गरेपछि अंग्रेज पक्षले नेपालसँग युद्धको दोस्रो अध्याय सुरु गर्ने निर्णय गऱ्यो तर त्यस बखत उसको आर्थिक अवस्था कमजोर बनेको थियो । त्यसकारण कम्पनी सरकाले अवधका नवाब बजीर सँग पुनः एक करोड थप ऋण लिएको थियो । नेपाललाई कोसीदेखि गण्डकीसम्मको तराई फिर्ता गरेपछि बाँकी रहेको तराईको केही भाग युद्ध संचालनका निमित्त लिएको ऋणको बदलामा तिनै नवाब बजीरलाई दिइयो ।

**पाउन बाँकी भूभाग :**

सुगौली सन्धिमा गुमेका भूभागमध्ये पछिल्लो पटक सन् १८६०मा नयाँ मुलुक प्राप्त गरेपछि पनि नेपालले अझै धेरै भूभाग पाउन बाँकी देखिन्छ । त्यस्ता भूभागमा पूर्वतिर मेची र टिस्टा नदीबीचका दार्जीलिङ, सिलिगुडी, सिक्किम तथा मेची र कोसीका बीचको तराई पर्छन् भने महाकाली र सतलज नदीका बीचका कुमाउ, गढवाल, देहरादुन, नैनीताल, सिमला आदि पर्दछन् ।

**सन्धिको शब्दार्थ र भावार्थ :**

सुगौली सन्धि अनुसार नेपालले जुन भूमि अंग्रेजलाई सुम्पेको थियो, त्यो केवल अंग्रेजलाई सुम्पेको हो र अंग्रेजहरूले भारत छाड्ने घोषणा गर्ने बित्तिकै सो भूभाग नेपालको हुन्छ भन्ने मान्यता आत्मपरक होइन नितान्त वस्तुपरक छ । यो मान्यता तर्कपूर्णमात्र होइन सन्धिसम्मत पनि छ । यसको यथातथ्य हेर्न इस्ट इन्डिया कम्पनी र नेपाल सरकारबीचको सम्बन्धका लिखित दस्तावेज नै पल्टाउन बढी समीचिन हुन्छ ।

**संशोधित सुगौली सन्धि** (१८१६) देखि सन् १९२३ को सन्धिसम्म मेची र महाकाली नदीमा कुनै नयाँ पानी बगेन । सन् १८६० मा राप्ती र महाकाली नदीमा अलिकति लहर चल्यो । यी दुई नदीका बीचको तराई नेपालले यसैबेला फिर्ता पायो । तर यसदेखि बाहेक १८६० को सन्धिले पनि सुगौली सन्धिलाई सुनिश्चितता नै प्रदान गरेको छ । सन् १९२३ को नेपाल र संयुक्त अधिराज्यबीच भएको सन्धिका धारा १ र २ यस सन्दर्भमा अत्यन्त महत्वपूर्ण छन् । धारा १ अनुसार पहिलोपल्ट ब्रिटेनले नेपालको आन्तरिक र बाह्य दुवै स्वतन्त्रतालाई स्वीकार गऱ्यो जसबाट नेपाल ब्रिटिश संरक्षित राज्य हो भन्ने बाह्य विश्वको भ्रम निवारण भयो । यद्यपि यो दुर्भाग्यको कुरा हो । हाम्रो स्वतन्त्रताको पुष्टि त्यसबखतसम्म हामीले गर्न सकेका थिएनौं । (ब्रिटिशहरुले तिमीहरू स्वतन्त्र हौ भनी लिखित गरिदिएपछि हामी स्वतन्त्र ठहरियौं) । धारा २ मा दुवै देश (नेपाल र संयुक्त अधिराज्य बेलायत) बीच भएका पहिलेका सम्पूर्ण सन्धि, सहमति तथा दायित्वपत्रहरू १८१५ को सुगौली सन्धिसमेतलाई वर्तमान सन्धिले परिवर्तन गरेबाहेक पुष्टि गरिएको छ भनिएको छ । यसरी सन् १९२३ सम्म नेपाल बेलायत दुवै मुलुकबाट अनुमोदित हुँदै आएको सुगौली सन्धिलाई सन् १९५० अक्टोबर ३० तारिखमा भएको उक्त सन्धिले रद्द गरेको छ ।

यो दश सूत्रीय प्रस्तावनामा नेपाल र ब्रिटेनका बीचमा सन् १८१५ देखि आनन्दपूर्वक शान्ति, मैत्री र सद्भावको सम्बन्ध कायम रहिआएको ध्यानमा राखी भारत र पाकिस्तानका दुई स्वाधीन राज्यहरूको स्थापना भएको फलस्वरुप काठमाडौंमा सन् १९२३ को डिसेम्बर २१ तारिखका दिन हस्ताक्षर भएको सन्धिपत्र र सोभन्दा अघिका सन्धिपत्रहरूका समेत कोही-कोही दफा युनाइटेड किङडम र नेपालका सरकारहरूका बीचमा लागू नरहने विचार गर्दै यति दीर्घकालसम्म परस्परमा रहेको राम्रो सम्बन्धलाई कायम गर्दै झन् बलियो पार्नको मनसायले सो अभिप्रायका निम्ति एक नयाँ सन्धिपत्र गर्ने इरादा गरी दशओटा दफाहरूमा लेखिए बमोजिम मन्जुर गरेको व्यहोरा उल्लेख भएको छ ।

**पछिल्ला सन्धिमा सुगौली सन्धिको चर्चा :**

नेपालसँग भएको १८१६ को संशोधित सुगौली सन्धिपछि ब्रिटेन र सिक्किमबीच सन् १८१७ फेब्रुअरी १० तारिखमा भएको १० सूत्रीय तितालिया सन्धिका नेपालसँग सम्बन्धित प्रथम तीन धारामध्ये पहिलो धारामा सुगौली सन्धिको उल्लेख गरिएको छ । उक्त धारामा सिक्किमलाई ब्रिटेनले दिएको मेची र टिस्टाबीचको पहाडी भू-भाग पहिले गोर्खाका राजाका अधीनमा थियो र सुगौली सन्धि अनुसार इस्ट इन्डिया कम्पनीमा गाभिएको थियो भनिएको छ । यसै गरी सन् १८१७ अप्रिल ६ को सनदमा मेचीदेखि पूर्व र महानदीदेखि पश्चिमको सम्पूर्ण तराई सिक्किमलाई दिँदै उक्त भूभाग पहिले नेपालको राजाका अधिकारमा रहेको र सुगौली सन्धि अनुसार इस्ट इन्डिया कम्पनीलाई सुम्पेको भन्ने उल्लेख छ ।

सुगौली सन्धिसँग सम्बद्ध अन्य पछिल्ला सन्धिहरूमा सन् १८६० को पश्चिम तराई फिर्ता सम्बन्धी सन्धि र सन् १९२३ को नेपाल-ब्रिटेन सन्धि मुख्य छन् । उक्त दुई सन्धिमध्ये सन् १८६० को सन्धिको प्रस्तावना र धारा २ मा काली र राप्तीका बीचको भूभाग सन् १८१५ को डिसेम्बर २ मा भएको सुगौली सन्धि अनुसार नेपालले ब्रिटिश सरकार लाई सुम्पिएको थियो भनी उक्त भूमि पहिले नेपालकै भएको स्वीकार गरिएको छ । यसपछि सन् १९२३ डिसेम्बर २१ तारिखमा भएको नेपाल-ब्रिटेन सन्धिको धारा २ मा पनि सुगौली सन्धिको उल्लेख भएको छ । यो सन्धिको धारा १ अनुसार नेपाल र ब्रिटेन दुवै मुलुकले एक अर्काको आन्तरिक र बाह्य दुवै स्वतन्त्रतालाई पारस्परिक रुपमा स्वीकार गरेका छन् भने धारा २ ले सुगौली सन्धिलाई अनुमोदन गरेको छ (अनुसूची ६) । त्यसपछि नेपाल र भार तबीच सन् १९५० जुलाई ३१ मा एउटा सन्धि (अनुसूची ८) भयो भने नेपाल र ब्रिटेनका बीच सन् १९५० अक्टोबर ३० तारिखका दिन अर्को सन्धि (अनुसूची ९) भएको देखिन्छ । यी दुवै सन्धिको धारा ८ मा अर्थगत समानताको संयोग छ । यी प्रत्येक सन्धिका धारा ८ मा नेपाल र ब्रिटिश इन्डिया तथा नेपाल र संयुक्त अधिराज्य बेलायत सरकारबीच पहिले भएका सबै सन्धि सम्झौताहरू रद्द भएको उल्लेख छ । यद्यपि यी दुवै सन्धिका उक्त धारामा सुगौली सन्धिको उल्लेख छैन तर दुवै सन्धिको धारा ८ अनुसार रद्द भएका पहिलेका सन्धिका सन्दर्भमा सुगौली सन्धिको नाम स्वतः आउँछ । यसरी यी दुवै सन्धिमा सुगौली सन्धिको नाम नलिइकन सुगौली सन्धिलाई रद्द गरिएको व्यहोरा उल्लिखित छ ।

**सन्धिमा असमानता :**

सुगौली सन्धि विविध दृष्टिले असमान छ । यसबाट नेपाललाई बेफाइदा मात्र भयो भने अंग्रेजलाई फाइदै फाइदा भयो । नेपालले कुनै सुविधा र सहुलियत पाएन । पूर्वमा टिस्टा, पश्चिममा सतलज र दक्षिणमा गङ्गासम्म फैलिएको नेपाल सुगौली सन्धिपछि मेची र महाकालीमा सीमित हुन पुग्यो । दक्षिणको तराईको धेरै ठूलो भूभाग अंग्रेजको अधीन हुन गयो । नेपालले अंग्रेजबाट भौगोलिक क्षति मात्र बेहोर्नु परेन कूटनीतिक हस्तक्षेप पनि सहनुपऱ्यो । सुगौली सन्धि हेर्दा त्यसमा द्विपक्षीय सौहार्द र आपसी समझदारीको कुनै संकेतसम्म पाइँदैन । यसमा एकपक्षीय रुपमा नेपालमाथि दायित्व मात्र थोपरिएको छ । त्यसैले सन्धिका ज्ञाताहरू यसलाई सन्धिको संज्ञा नदिए पनि हुन्छ, भन्ने धारणा राख्छन् ।

अंग्रेज पक्षले २ डिसेम्बर १८१५ मा सुगौली सन्धिमा हस्ताक्षर गरेर नेपालका राजाबाट काउन्टर हस्ताक्षर गरी फिर्ता पठाउन १५ दिनको म्याद दिएकोमा सन्धिको व्यहोरामा चित्त नबुझेकोले उक्त अवधिभित्र नेपाली पक्षबाट हस्ताक्षर गर्ने काम भएन ।

क्रमशः ....

# बचत आजको आवश्यकता

# विश्वसनियताको एउटै थलो

# निर्मल बुद्धभूमि बचत तथा ऋण सहकारी संस्था लिमिटेड

त:गवपि कीर्तिपुर

फोन: ४३३२८८१

# वंग वन्धु गोल्डकप नेपाल च्याम्पियन



–नविन महर्जन–

वङ्गलादेशको ढाकामा सम्पन्न वंगवन्धु गोल्डकप फुटवल प्रतियोगितामा नेपालले बहराइन यू-२३ लाई ३-० गोलको अन्तरमा शानदार जित हासिल गर्दै च्याम्पियन बन्न सफल भएको छ।

गत माघ ८ गते शुक्रवार सम्पन्न फाइनल खेलमा नेपालका विमल घर्तीमगरले पाँचौं मिनेटमै गोल गर्दै अग्रता दिलाएका थिए । त्यसपछि नेपालले ८७ औं मिनेटमा विशाल राईद्वारा दोस्रो गोल तथा इन्जुरी समयको पहिलो मिनेटमा नवयुग श्रेष्ठले गोल गर्दै सनसनी पूर्ण जित हासिल गर्न सफल भएको थियो ।

नेपालले सन् १९८४ ( काठमाडौं) र १९९३ (ढाका) को दक्षिण एशियाली महासंघीय खेलकुद (साफ गेम्स) मा स्वर्ण पदक विजेता नेपालले २३ वर्ष पछि यो उपाधि हात पारेका थिए ।

नेपालले वंगवन्धु गोल्डकप साथै ५० हजार डलर पुरस्कार हात पार्न सफल भएको छ । प्रशिक्षक बालगोपाल महर्जन र कप्तान विराज महर्जनले सम्हालेको राष्ट्रिय टिमले उपाधिको साथ साथै यस प्रतियोगितामा नवयुग श्रेष्ठ मोस्ट भ्यालुएबल प्लेयर र सर्वाधिक गोलकर्ता, विमल घर्ती मगर म्यान अफ दि फाइनल घोषित भएका थिए ।

फाइनल खेलमा सबैले उत्कृष्ट प्रदर्शन गर्नुका साथै गोलकिपर विकेश कुचुले पनि उत्कृष्ट बचाउ गरेका थिए जस्को फलस्वरुप नेपालले उपाधि हात पार्न सफल भएको थियो ।

नेपालले समुह चरणमा मलेसियन सुपरलिगको क्लब फेल्डा युनाइटेड र बङ्गलादेशसँग गोलरहित बराबर तथा श्रीलंका लाई १-० ले पराजित गर्दै सेमिफाइनलमा पुगेका थिए । सेमिफाइनलमा माल्दिभ्सलाई १७ वर्षपछि ४-१ गोलको जित निकाल्दै फाइनलमा पुगेका थिए यस खेलमा नेपालका नवयुग श्रेष्ठले ह्याट्रिक गरेका थिए ।

नेपालको फुटवल इतिहासमा हाल सबैभन्दा बढी चर्चा परि चर्चा भएको अवस्था हो । २१ वर्ष एन्फा अध्यक्ष रहेका गणेश थापा आर्थिक अनियमितताको कारामा फिफा द्वारा कारवाहीमा परेका छन् । पूर्व कप्तान सागर थापा सहित ५ फुटवलरलाई एएफसीद्वारा प्रतिवन्ध गरीराखेका छन् । एन्फाको पनि गुट र उपगुट बीच खिचातनी रहेको अवस्थामा युवा नेतृत्वले यो विजयी दिलाइएकोले सम्पूर्ण नेपाली खेलप्रेमीहरु हर्षित छन् । महा भूकम्प र नाकावन्दी कारण समस्त नेपालीहरु दुःखी रहेको अवस्थामा यो जितले मलहमको काम गरेका छन् ।

सम्पूर्ण खेलाडीहरु एवं अन्य सहभागी सदस्यहरुलाई सम्मान स्वरुप नगरपरिक्रमा गराई गत शनिवार रंगशालामा भव्य स्वागत एवं बधाई कार्यक्रम गरेका थिए । साथै बंगबन्धु गोल्डकप हात पारेकोमा नेपाल सरकारको तर्फबाट राष्ट्रिय खेलकुद परिषद र एन्फाद्वारा नगद उपहार दिंदै सम्मान गरिने कार्यक्रम पनि रहेको छ ।

आशा गरौं आगामि १२ औं दक्षिण एशियाली खेलमा पनि सकारात्मक नतिजा निकाल्दै नेपाली फुटवललाई अझ अगाडी बढाउन सहयोग होस् ।






# नवौं उपत्यकाव्यापी आरएए वास्केटवल कप सम्पन्न



कीर्तिपुर छुगाउँस्थित राराहिल स्कुलका भूतपूर्व विद्यार्थीहरुको संगठन राराहिल एल्मुनाई एशोशियन द्वारा आयोजित नवौं उपत्यकाव्यापी वास्केटवल कप सम्पन्न भएको छ।

छात्र र छात्रा गरी दुई समूहमा भएको उक्त खेलमा छात्र तर्फ ६ वटा टिम र छात्रा तर्फ ४ टिमले भाग लिएका थिए ।

पुस २६ गते देखि माघ ४ गतेसम्म सम्पन्न उक्त प्रतियोगिताको फाइनल खेलमा छात्र तर्फ राराहिलले पुष्पसदनलाई हराएको थियो भने छात्रातर्फ एलआरआई स्कुलले राराहिललाई हराएको थियो । उक्त प्रतियोगितामा छात्र तर्फ मोस्ट भ्यालुएबल खेलाडीको उपाधि राराहिलका कुमार खड्का र छात्रा तर्फ एलआरआईकी स्नेहा श्रेष्ठले हात पारेका थिए ।

गत माघ ४ गते सोमवार फाइनल खेल पश्चात विजयी खेलाडीहरुलाई अन्तरराष्टिय कोच राजकुमार महर्जन र प्रिन्सिपल जगत वहादुर महर्जनले शिल्ड, मेडल तथा प्रमाण पत्र वितरण गर्नु भएको थियो ।


Admission Open for 2072/073

**Turners Pathshala**

**A Motessori Based Pre-School**

**Features**

- Well equiped audio visual lab
- Montessori lab
- ECD experters and psychologists
- Parents counseling
- Experienced facilitators
- Homely environment
- Limited Class size
- Life skills based learning
- Ample space for outdoor activities
- Peroidic health check ups
- Foods with calorie analysis
- Managed by a group of academicians

Admission Forms are available in the school Desk.

**For Contact: 014331574,9849888060**

# कीर्तिपुरको चिलंच्व जगतपाल महाविहारवाट दुईटा मूर्ति चोरी

कीर्तिपुरमा विभिन्न समयमा विभिन्न मूर्तिहरु चोरी भइरहेका छन् । गत आइतवार बेलुकीदेखि सोमवार विहान सम्ममा कीर्तिपुरको ऐतिहासिक एवं सांस्कृतिक रुपमा महत्वपूर्ण रहेको बौद्ध तीर्थस्थल चिलंच्व जगतपाल महाविहारवाट दुईवटा मूर्ति चोरी भएको छ ।

किपू नगरपालिका ४ वडामा रहेको जगतपाल महाविहारको देवघर अर्थात दिगिछेँमा रहेका दुईवाट मूर्ति चोरी भएका हुन् ।

चोरी भएका मूर्तिहरुलाई फूद्यः भन्ने गरिन्छ । राती १२ बजेदेखि साढे १२ बजेको समयभित्र बार नाघी ताला समेत तोडेर ती मूर्तिहरुको चोरी गरेको थाहा भएको छ ।

ती मूर्तिहरु प्रत्येक बर्षको पञ्जरांको समयमा सबैभन्दा पछि बाजागाजा सहित कीर्तिपुरमा घुमाउने मूर्तिहरु हुन् । पञ्जरां अर्थात सबै दान दिने कार्य सकियो भनी सन्देश दिनका लागि परिक्रमा गरिने मूर्ति भएकोले नै ती मूर्तिहरुलाई फूद्यः भनिएको हो । फू भनेको सकिएको र द्यः भनेको देवटा हो । सो दिनमा बोकी कीर्तिपुरमा परिक्रमा गर्ने चलन रहि आएको छ ।

सो देवघर अर्थात दिगिछेँ बाहिर रहेका ढोकाको दायाँ बायाँ रहेका दुइवटा सारिपुत्र भिक्षुनिहरुको मूर्ति पनि चोरी गर्नका लागी कोसिस गरिएको अवस्थामा भेटिएको छ ।



चिलंच्व जगतपाल महाविहारवाट चोरी भएका दुईवाटा मूर्ति

मूर्तिचोरहरुले चिलंच्व जगतपाल महाविहारको सारिपुत्रका दुइवटा मूर्ति मध्ये एउटा उखेलिएको अवस्थामा र अर्को मूर्तिको हात भाचिएको अवस्थामा भेटिएको छ ।

राती लोडसेडिङ भएको अवस्थामा चोरी भएको स्थानीयवासीले बताएका छन् । प्राचिन कालका ती मूर्तिहरु चोरी भएका कारण सोमवार विहानैदेखि चिलंच्व जगतपाल महाविहारमा स्थानीयवासीको घुइचो लागेको थियो ।



कीर्तिपुरको ऐतिहासिक एवं सांस्कृतिक रुपमा महत्वपूर्ण बौद्ध तीर्थ स्थल चिलंच्व जगतपाल महाविहार क्षेत्र


## हार्दिक बधाई



यस मङ्गल बहुमुखी क्याम्पसमा शिक्षा संकाय तर्फ नेपाली विषय अध्यापनरत उपप्राध्यापक श्री हिमलाल पुरी त्रिभुवन विश्व विद्यालयको नेपाली शिक्षामा सहप्राध्यापक पदमा पदोन्नति हुनु भएकोमा उहाँलाई हार्दिक बधाईको साथै उत्तरोतर प्रगतिको कामना गर्दछौं ।

क्याम्पस प्रमुख

तथा

मङ्गल बहुमुखी क्याम्पस परिवार नयाँबजार, कीर्तिपुर–३

# दायित्व नेपाल Onus Nepal द्वारा नमुना घर प्रदर्शनी





वि.सं.१९९० साल माघ २ गते नेपालमा आएको विनाशकारी भूकम्पको सम्झना गर्दै विगत केही वर्षदेखि कीर्तिपुर नगरपालिकाको सहकार्य र आनेस नेपालको आयोजनामा विभिन्न कार्यक्रमहरु सम्पन्न गर्दै आइरहेको छ ।

गत वर्ष नयाँबजारस्थित खेलकुद मैदानमा मेला नै आयोजना गरी मनाइएएको थियो । त्यसैलाई निरन्तरता दिंदै गत माघ ९ र १० गते कृष्ण क्याटरिंगको हलमा प्रदर्शनीको आयोजना गरी मनाइयो ।

गत माघ ९ गते १८ औं राष्ट्रिय भुकम्प सुरक्षा दिवसको सन्दर्भमा "भूकम्प प्रतिरोधी घर-संरचना, सुरक्षित नेपाल हाम्रो चाहना" बैशाख १२ मा गईहाल्यो भुईंचालो ! सुरक्षित पुननिर्माणमा जुट्ने हाम्रो पालो !" भन्ने राष्ट्रिय नाराका साथ राष्ट्रिय कार्यक्रमको गतिविधि अन्तर्गत "पुननिर्माणका लागि भूकम्प नमुना घरको प्रदर्शनीको आयोजना गरिएको थियो ।

माघ ९ गते शनिवार प्रमुख अतिथि नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानका उपकुलपति र विशेष अतिथि ई. दुर्कमान महर्जनले संयुक्त रुपमा दीप प्रयोजन गरी औपचारिक कार्यक्रमको उद्घाटन गर्नु भएको थियो ।

आफ्नो मन्तव्य दिने क्रममा प्रमुख अतिथिले भूकम्पले मान्छे मार्ने होइन, मान्छेले बनाइएका भौतिक संरचनाको कारणले विनास हुने हो भन्नु हुँदा यस्ता कार्यक्रमले जनतालाई सचेत बनाउनमा सहयोग गर्ने विश्वास राख्नुभयो ।

विशेष अतिथि ई.दुर्कमान महर्जनले भूकम्प प्रतिरोधी घर निर्माणले क्षति कम गर्नमा ठूलो भूमिका खेल्ने बताउनुहुँदै घरको संरचना बनाउँदा अपनाउनु पर्ने नियमको पूर्णरुपमा पालना गर्नु पर्नेमा जोड दिनुभयो ।

अब तालिम प्राप्त प्राविधिकको रेखदेखमा घर निर्माण गरे ठूलो क्षतिबाट बच्न सक्ने विश्वास व्यक्त गर्नुभयो ।

त्यसपछि प्रदर्शनी स्थलको उद्घाटन पनि दुबैजनाले संयुक्त रुपमा रिवन काटेर गर्नु भयो । उक्त प्रदर्शनीमा माइक्रोटेक एम एण्ड ई प्रा.लि. लगायत १२ वटा संघ संस्थाको प्रदर्शनीस्थल राखिएको थियो । जसमा Microtech M&E Pvt. Ltd, Valley independent constructors' Association, ENPHO, Good Earth Nepal, DPNet Nepal, Morphogenesis Consultant Pvt. Ltd, NRCS Kirtipur SubChapter, Kirtipur Municipality, Nepal Engineers' Associatio, DUDBC, Khoopa College of Engineering, Onus Nepal रहेका छन् । माघ ९ र १० गते दुई दिन चलेको सो प्रदर्शनीमा भूकम्प प्रतिरोधी घर, प्रिफ्याब घर, र ट्रोफिटिंग तथा नयाँ घर निर्माण गर्दा ध्यान दिनुपर्ने कुराहरु लगायत अन्य बचाउ कुराहरुमा विशेष जोड दिएका थिए । त्यसको अलावा मनोपरामर्श, बाँसको घर, ग्रामिण क्षेत्रमा स्थानीय सामानको प्रयोगबाट पुनः निर्माण गर्न सकिने खालका प्रदर्शनीहरु राखिएका थिए ।









# गुडुची नै सप्रसिद्ध सोमलता



**डा.सोनेलाल साह**

गतांकको वाकि

सुश्रुते यी वाहेकका अरु अठार वटा औषधिहरु- अजगरी, श्वेत कापोती, कृष्ण कोपोती, गोनसी, बाराही, कन्या, छत्रा, आदित्यपर्गी, बह्वासुवर्चला, श्रावणी गोलोमी आदिलाई पनि सोम समान नै शक्तिशाली हुन्छन् भनेको छ।

यी सबै कुराको साथै तल दिइने विवरण बारे समेत विचार गर्दा एउटा उच्चकोटीको सोम मध्य 'गुडुची' (गुर्जो) पनि एउटा रहेछ भन्ने थाहा हुन्छ । अब गुडुचीबारे चर्चा गरौं।

आयुर्वेदका प्रसिद्ध ग्रन्थ 'भाव प्रकाश निघण्टु (भावमिश्र र चित)मा गुडुचीको उत्पतिबारे एउटा यस्तो कथा छ। सीताको हरणपछि जब रामले बानर सेनाको सहयोगले रावणको हत्या गरे, त्यसबाट इन्द्र ज्यादै खुशी भए । इन्द्रले त्यस युद्धमा मारि एका बाँदरहरुमाथि अमृत वर्षाएर तिनलाई ब्युँझाए त्यसरी अमृत वर्षाउँदा खेरि बाँदरहरुको शरीर बाट बाहिर भुँईमा खसेको अमृतका थोपाहरुबाट गुडुची (गुर्जो)को उत्पति भयो।

गुडुची (गुर्जो)को महत्व दर्शाउने र त्यसप्रति मानिसको आकर्षण बढाउने कस्तो सुन्दर कथा छ यो। काल्पनिक कथाबाट कुनै पनि कुराको विज्ञापन गर्न त्यसबेलाका बुद्धिजीवि र व्यवसायीहरु कति खप्पिस थिए भन्ने कुरा यसले स्पष्ट देखाउँछ।

आयुर्वेदको अर्को महत्वपूर्ण ग्रन्थ "शार्ङ्गधर संहिता"ले आयुवर्धक र रोगनाशक रसायनहरुमा गुडूचीलाई पहिलो स्थानमा राखेको छ । त्यसमा भनेको छ – जुन औषधिहरुले आयु बढाएर बृद्ध अवस्थालाई पर सार्छन र जसले रोगहरुलाई नाश गर्दछन् तिनलाई रसायन द्रव्य भनिन्छ । जस्तै गुडुची, रुद्रावती, गुग्गु र हर्रो।

'भाव प्रकाश निघण्टु'ले विशेष गुणयुक्त औषधिहरुको समूहलाई 'गुडुच्यादि वर्ग' भन्ने नाम दिइएको छ र त्यसमा गुडुचीलाई स्पष्ट शब्दमा 'सोम' 'सोमबल्ली' भनेको छ । त्यतिमात्र होइन त्यहाँ गुडुचीको त्यस्ता विशेष गुणयुक्त नामहरु दिइएका छन्, जसले गुडुची उच्च कोटिको सोमलता हो भन्ने स्पष्ट पार्छन्। जस्तै :- गुडूची, अमृता, अमृतवल्लरी, जीवन्ती, विशल्या, रसायनी, व्यस्था, मधुपुणी आदि।

त्यसरी नै संस्कृतको प्रसिद्ध शब्दकोष -अमरकोषले दिएका गुडूचीका पर्यायवाची नामहरुमा 'सोम' र 'सोमवल्ली' को स्पष्ट उल्लेख गरेको छ । ती बाहेक गुडूचीका अरु जति नाम माथि उद्धृत गरिएका छन्। तिनले पनि सोमलताको गुणलाई नै व्यक्त गर्दछन् ।

सुश्रुत संहिताले 'गरुडाहत' नामको सोम खैरो वर्णको, सर्पको काँचुली जस्तो र वृक्षको माथिल्लो भागमा झुण्डिएको हुन्छ भनेको छ । यस वर्णनले स्पष्ट रुपले लहरे गुर्जोलाई संकेत गरेको छ। 'भाव प्रकाश' र अमर कोषले लहरे गुर्जोलाई 'छिन्न' (छिनेका), छिन्नरुहा (जरा चुँडिएको) भन्ने नामका साथै 'अमृतवल्लरी' 'अमृता' नाम पनि दिएका छन्। भारतका अरु विभिन्न भाषामा पनि सोम र गुडूची समानार्थी शब्द भएको संकेत माथिका शब्दहरुसँग मिल्ने निम्न शब्दले दिन्छन् । गुडुचीलाई कर्णटक भाषामा गरुड बेल, अमृत बल्लरी, अमर दबल्ली, तमिलमा अमृतबल्ली गोवा भाषामा अमृतबेल, मराठीमा गरुडबेल भनिन्छ।

आयुवेदका ग्रन्थहरुले गुडुची (गुर्जो)का निम्न गुणहरु बताएका छन् । १) रसायन, उष्णवीर्य, बलकारक, अग्निदीपक, त्रिदोष, आऊँ, प्रमेह, पाण्डू, कमलपित्त कुष्ठ, ज्वर आदि नाश गर्ने। २) सबैखाले ज्वरनाशक, अग्निदीपक, अरुचि, वमन तिर्खा र दाह नाश गर्ने। ३) गुडुची, बाह्री (घोडटाप्रे) जेठीमधु र शंखपुष्पीको योगले आयु, बल, वर्ण र पाचक अग्नि बढाउँछ । उन्माद, अपस्मार (मिर्गी), सन्निपातज्वर (टाइफाइड) प्रलाप, बुद्धिविकार, मुर्छा, आदिमा उत्तम रासायन छ।

रासायनिक संगठनका हिसाबले गुडूचीको लहराको बोक्रामा- गिलोइन, ग्लूकोसाइड, गिलोइनिन र गिलोस्टेराल हुन्छन्।

आधुनिक अनुसन्धानहरुले गुडूचीमा रोगप्रतिरोधक सडेको घाउ ठीक गर्ने, जीर्ण विषमज्वर, कलेजोको खराबी, भिरंगी, रगतको विकार, जीर्ण आमवात ठीक गर्ने, ज्वर पछिका कमजोरी हटाउने र पौष्टिक गुण भएको पत्ता लगाएका छन् । गुडूचीको सत्व (चिनी)ले ज्वर, फियो बढेको, मूत्राशय सुन्निएको, आउँ रगतमासी, अम्लपित, मूत्र विकार र शुक्रक्षय आदि रोग ठीक गर्छ।

यो सम्पूर्ण विवरणबाट के निचोड निस्कन्छ भने अनेकौं खालका सोमलताहरु मध्ये गुडूची सबैभन्दा उच्चकोटीको सोम हो। यसमा अरु खाले केही सोमलता र उच्चकोटिका रसायन द्रव्यहरु मिलाएर सही प्रयोग गर्न सकेमा ठूल-ठूला रोग हटाउने, यौवनलाइ धेरै समय टिकाउने आयु बढाउने र स्वस्थ, मेधावी, स्मृति शक्तियुक्त बनाउने आदि काम गर्छ।

साामाप्त

**आइतवाः पतिकं ल्वःकंह्वाःगु नेपालभाषाया ज्वज्वलपा वाःपौ ब्वनादिसँ ब्वंकादिसँ**

**च्वसू, समाचारनिसें चिनाखँ व विज्ञापननिया निति नं स्वापू तयादिसँ**

ज्याकूः

**निखासी त्वाः किपू नपा-३**

**फोन ल्याः ४३३३००७, ९८४१४०१०७७**

## नेपाल मानव अधिकार संगठन कीर्तिपुर शाखाको सूचना

नेपाल मानव अधिकार संगठन कीर्तिपुर शाखाका कार्य समिति पदाधिकार हिरुको कार्यकाल विधान अनुसार समाप्त भइ नयाँ कार्य समिति गठन गर्नुपर्ने भएको र अन्य विविध कुरामा समेत छलफल गर्नुपर्ने भएकोले माघ मसान्त सम्म सम्पूर्ण साधारण सदस्य एवं यस संस्थाप्रति आस्था हुने सम्पूर्ण महानुभावहरु सक्रिय सदस्यज्यूहरुमा सदस्यता भएर र पहिला सदस्य भएका सम्पूर्ण सदस्यहरुले सदस्यता नविकरण गर्नुहुन हार्दिक अनुरोध गर्दछौं पुनश्च मिति २०७२ फागुन ८ गते साधारणसभा हुने भएकोले यसैलाई सूचना मानी सदस्यता नविकरणका साथै निम्न स्थान र समयमा साधारण सभामा उपस्थिति भै दिनुहुन समेत अनुरोध गर्दछौं ।

**सम्पर्क गर्ने व्यक्ति र स्थान**

वच्चुराम दाहाल शर्मा ९८४९२८०३४८
शोभा महर्जन शाक्य ९८०३५३९१६५
चन्द्रसूर्य फार्मेसि प्रा. लि. नयाँ बजार पांगा दोवाटो, कीर्तिपुर

**स्थान : कृष्ण क्याटरिड, नयाँबजार, कीर्तिपुर १७**
**समयः विहान १० बजेदेखि २ बजे सम्म**

**नेपाल मानव अधिकार संगठन**

कीर्तिपुर शाखा



# स्वर्गिय शुकराम दाइया स्वस्थानी बाखं

*नेपालभाषाया नाटक साहित्य, संगित ख्यः व थीथी समाजिक सेवाय् मन क्वसाय्का समाज सेवा याना २०६२ साल मंसिर महिनाय् ८० दँय् दिवंगत जुयादीम्ह पाँगा भुजिन्द त्वाःया शुकराम महर्जनं थीथी सफूत ब्वनाः नेवाःतसें थुइक मांभाय् नेपालभाषां च्वयादीगु माघ लच्छि बाखं कनीगु श्री स्वस्थानी बाखंया सफूया छुं छुं ब्वः थन न्ह्यब्वय् त्यनागु जुल । थुकी छुं भिंके माःसा सुझाव बियादिइत इनाप यानाच्वना (संपादक)*



**(थगुने श्रीस्वस्थानी परमेश्वरी व्रतकथाया नींन्हय्गूगु अध्याय ब्वना दिल आः कथहं ब्वनादिसँ)**

कुमारं आज्ञाजुया बिज्यात– हे अगस्त्यमुनि ! अनं उप्रान्त कपिल ब्राम्हणं जा ज्वनाः चन्द्रावतीया थासय् वनाः हे पापीनी ! छ महापापीनी हे जुयाच्वन छंगु लागी थौं जिपिं सिनातुले जुइका भारी शर्म जुल । जुजुया लाय्कुली जूगु खँ वृतान्त धयाः जा न्ह्योने वांछ्वया बिल । चन्द्रावती व जा खने मात्रं मफु मफु क्वाः जा नयेत तयार जुल । थ्व स्वया कपिल ब्राम्हणं धाल हे पापीनी ! थजःगु अवस्था खना जिमित अति करुणा वन । छन्त उपदेश बी ध्यान तयाः न्यँ निरञ्जन निराकार श्री स्वस्थानी परमेश्वरीया धलं दँ। अले वहे धलं दनाया प्रभावं छन्त याकनं उद्धार जुइ ब्रम्ह इत्यादि पाप यानाः तःगु दःसां नास जुयाः दिव्य देह जुयाः सुखि जुइ धकाः उपदेश बिया थःगु लँ लिना छेँय् वने धकाः वन । चन्द्रावतीं ठिक धाल खः धकाः मनय् तयाः ख्वाःसिले धकाः घ्वास्या घ्वास्या यानाः विस्तारं विस्तारं फुफुथें तुतिं चुया थाय् थासय् ल्हातं बःकया शालीनदी खुसि वनाः लःकाय् त्यन शालीनदी खुसि तुरुन्त सुनावन । थ्व स्वया चन्द्रावती नानां तरह नं विलाप यानाः मिखां ख्वबि धरधर हायेकाः लिहाँ वयाः ख्वाः मस्यूसेसां नये धकाः जा ल्हातय् काल तर व जा नौ जुयाबिल नौ जूसां नये धकाः म्हुतुइ यंबलय् फय् वयाः पुइकः यन । अले चन्द्रावती सिग्वँरतुले थें बँय् ग्वःतुलाः मुर्छा जुयाः अत्यन्त दुःख कष्ट ननं न्यादँतक वहे शाली नदीया खुसि सिथय् च्वनाः फ्वनाः फ्वनाः हनाच्वन । छन्हुया दिनय् चेष्टा वयाः मनं धाल जिं गपाय्धंगु अपराध यात जि बिना अपराधं थजःगु गति अवश्य जुइमखु धकाः नाना तरह नं कल्पना यानाः थःगु दुःख स्वस्वं मिखां ख्वबि वयेकाः ख्वयाच्वन । वहे दिनय् पौष शुक्ल पुन्ही जुयाः श्री स्वस्थानी परमेश्वरीया धलं दनेत स्वर्गय् च्वंपिं अपसरात शालीनदी खुसि वयाः म्वःल्हुया श्री सुर्ज नारायणयात अर्घबिया वहे खुसि च्वंगु फियागु शिवलिंग दयका श्री महादेव पूजा यानाच्वन । चन्द्रावतीं खनाः अपसरात धलं दनाच्वंगु थासय् वनाः बिन्तियात छि मयजूपिं सुखः देवकन्या ला अथवा मनुष्य कन्या ला ? जि पापीनीया थजःगु अवस्था स्वया भच्चा करुणा तयाः बिज्याउँ । जि गनं चाःहिला प्वाः छगः जायेकेगु शामर्थ मदु । थ्वहे शरीरं दँ दँ बिते यायेधुन सी नं मफु म्वाय् नं मफु ज्यूसा मयजुपिं जितः नयेगु निगःचा फ्वने जि पापी उद्धार जुइगु छुं उपाय दःसा कना बिज्याउँ धकाः मिखा निगलं ख्वबि स्वः स्वः वयेकाः ख्वगु खना अपसरापिंत मायावनाः धाल हे पापीनी ! जिपिं स्वर्गय् इन्द्र महारजया अपसरा खः थौं पौष शुक्ल पुन्ही जुयाः श्री स्वस्थानी परमेश्वरीया धलं दनेगु निम्ति थ्व शालीनदी तीर्थय् म्वःल्हु वयागु छंगु अवस्था खना जिमित अति करुणा वन । आः छं नं थ्व हे धलं दँ वसपोलया कृपा छंगु सम्पूर्ण पाप नास जुयाः याकनं छ उद्धार जुइ धकाः अपसरापिंगु वचन न्यनाः चन्द्रावतीया मनं मनं धाल । जिं ज्ञान सीकं सीकं मेगु छुं पाप यानागु मदु । उबलय् डोलेतय्सं श्री स्वस्थानी परमेश्वरीया प्रशाद धकाः लल्हाना ब्यूबलय् कुबुद्धिया प्रभावं अहंकार यानाः कूकू थलाः थुथु यानाः तुतिं न्हुया छ्वया खः । वहे पापं यानाः थौं थ्व अवस्था जूगु धिक्कार जिगु वुद्धि धकाः पछुताउ जुयाः हानं लिपा कपिल ब्राम्हणं नं थ्वहे धलं दं धकाः उपदेश ब्यूगु खः अपसरा मयजुपिंसं नं वहे खँ धालधाःसा श्री स्वस्थानी परमेश्वरी तःधंम्ह इश्वरी जुयाच्वन । मनूधैपिं थःगुहे अहंकारं नास जुइगु खनी । आः जि नं वसपोलयागु धलं दने धकाः निश्चय यानाः अपसरापिंके बिन्ति यात । हे अपसरा मयजुपिं ! श्री स्वस्थानी परमेश्वरीया धलं दनेगु विधि विधान छुं खः छुछु यायेमा ? कृपया व फुक्कं आज्ञा जुयाः बिज्याउँ धकाः चन्द्रावतीं न्यंसेंलि अपसरापिंसं धाल हे पापीनी ! छगू चित्त यानाः न्यँ धकाः श्री स्वस्थानी परमेश्वरीया धलं दनेगु सम्पूर्ण विधि कना थ्व धलं दनाया प्रभावं छंगु जीवनभरया सम्पूर्ण पाप नास जुयाः फुक्क दुःख नास जुयाः सुख जुइ इच्छा सिद्धि जुइ धयाः अपसरामय्जुपिं स्वर्ग वन । अनं लिपा चन्द्रावतीं अपसरापिनीगु उपदेश अनुसार शालीनदी खुसि म्वःल्हुया इश्वरीयात मनय् लुमंकाः छगू चित्त यानाः न्हियान्हिथं सन्ध्याकाइलय् श्री महादेवयात मानसिक पूजा यानाः श्री स्वस्थानी परमेश्वरीयात नुगलय् तयाः भक्ति यानाच्वन । उखुनुनिसें सीदय्क चन्द्रावतीया कुष्टीरोग न्हियान्हिथं क्वलनाः वयाः न्हापाथें सरिर जुया आनन्द जुल । थ्व स्वया चन्द्रावती थःथःम्हं लय्तायाच्वन । लच्छियंक धलं दना माघ शुक्लया पुन्हीखुनु सम्पूर्ण सामान तयार यानाः अपसरा मयजुपिं पियाच्वन । अले अपसरा मयजुपिं नं श्री स्वस्थानी परमेश्वरीया धलं दनेत शाली नदी खुसि वःगु चन्द्रावतीं खना अपसरा न्ह्योने वनाः बिन्तियात हे अपसरा मय्जुपिं छिकपिनिगु उपदेशअनुसार पौषशुक्ल पुन्ही खुनुनिसें न्हिथं म्वःल्हुया वसपोल श्री स्वस्थानी परमेश्वरी मनय् तयाः न्हियान्हिथं सन्ध्याइलय् श्री महादेव पूजा यानाच्वन । आः वसपोलयागु धलं दनाः पूजायायेत जिके सामान छुं मदु, छु यायेगु ? धकाः न्यसेंलि अपसरापिंसं धाल हे पापीनी ! छंके छुं मदुसा थ्व हे शाली नदी खुसिच्वंगु फि हयाः माःगु सामान दयकी । श्री स्वस्थानी परमेश्वरीया प्रभाव फियागु सामान सिद्ध जुयावल । थ्व खना चन्द्रावती मनमनं हर्ष व आनन्द यानाः धन्य धन्य श्री स्वस्थानी परमेश्वरी धकाः लय लयताया अपसरापिंगु न्ह्योने वनाः फियागु सामान सिद्ध जुयावःगु खँ वृतान्त बिन्तियात । चन्द्रावतीया थजःगु आश्चर्य खँ न्यंन्यं । अले चन्द्रावतीया शरीर दिव्य देह जुयावःगु खनाः खुसि जुयाः धाल- हे सुन्दरी न्हापा जिमिसं छन्त पापीनी जक धाय्गु आवंलि छंगु नां पुण्यवती जुल धकाः थःपिनि नाप नाप विधिपूर्वक पूजा याकाच्वन । श्री स्वस्थानी परमेश्वरीया धलं दनाया प्रभावं चन्द्रावतीया सम्पूर्ण पाप नास जुयाः न्हापा स्वया दोब्बर दिव्य देह जुयावःगु खँखं चन्द्रावतीया मनमनं अत्यन्त हर्ष जुयाः धन्य श्री स्वस्थानी परमेश्वरी धकाः बारम्बार प्रणाम यानाः ध्यान यानाच्वन ।

## भावपूर्ण श्रद्धाञ्जली



जन्मः
ने.सं.१०४६ मार्ग चतुर्थी

निधन
ने.सं.११३६ पौष पञ्चमी

स्व. सुर्जमाया डंगोल

कीर्तिपुर कृषक समाजका भूतपूर्व अध्यक्ष श्री अशोक डंगोलका ममतामयी आमा **सुर्जमाया डंगोल**को ९१ वर्षको उमेरमा असामयिक निधन भएकोमा हामी अत्यन्त मर्माहत भएका छौं । दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

यस दुःखद घडीमा शोकशन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**कीर्तिपुर कृषक समाज परिवार**
**पाँगा**

## साधारण सभाको सूचना

यस संस्थाको मिति २०७२/०७/१७ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस संस्थाको सातौ साधारण सभा निम्नलिखित मिति समय र स्थानमा हुने भएकोले उपस्थितिको लागि सम्पूर्ण शेयरधनीहरुलाई हार्दिक अनुरोध गर्दछौं ।

**कार्यक्रम :**

**मिति : २०७२/१०/१६**

**स्थान : चांगुनारायण, भक्तपुर**

**समयः विहान ८ बजे**

*नोटः सभास्थलमा जानको लागि बसको व्यवस्था गरिएको हुँदा विहान ६:३० बजे संस्थाको कार्यालयमा आउनु हुन सुचित गरिएको छ ।*

**आस्था बचत तथा ऋण सहकारी संस्था लि.**
**नयाँबजार, कीर्तिपुर-१७**

# शहीद स्मारक कलेज रजत जयन्ती मनाउदै




शहीदहरुको सम्झनामा २०४७ साल माघ १५ गते कीर्तिपुरमा स्थापना भएको कीर्तिपुर क्षेत्रको पहिलो सामुदायीक कलेज शहीद स्मारक कलेज रजत जयन्ती मनाउदैछ।

यहि माघ १६ गते शनिवार २५ औं बार्षिक उत्सव (रजत जयन्ती) समारोहको आयोजना गर्न गइरहेको छ। प्रमुख अतिथि उपराष्ट्रपति नरबहादुर पुन रहनु हुने उक्त समारोहका लागि तयारीमा जुटेका छन्।

त्रिवि अडिटोरियम हलमा हुन लागेको उक्त कार्यक्रमको तयारीको क्रममा विभिन्न आयोजनाहरु गरिरहेको छ। खेलकुड सप्ताह मनाउने क्रममा फुटबल, भलिबल, क्रिकेट, वास्केटबल, टिटि, ब्याडमेण्टन, चेस र दोड गरि आठवटा खेलहरुको आयोजना गरिरहेका छन्। उक्त खेलकूडमा विजयी खेलाडीहरुलाई रजत जयन्ती समारोहमा पदक, मेडल तथा प्रमाणपत्र वितर गरिने भएको छ।

त्यस्तै माघ १५ गते कलेज प्राङगनमा नेपाल रेडक्रस सोसाइटि कीर्तिपुर उपशाखासंगको सहकार्यमा र स्टार हस्पितल बख्लुको सहयोगमा रक्तदान तथा निःशुल्क स्वास्थ्य शिविर संचालन गर्न गइरहेको छ। उक्त स्वास्थ्य शिविरमा निःशुल्क औषधी वितरण हुने कुरा क्याम्पस प्रमुख मिलनमान महर्जनले बताउनु भयो।

# जनसेवामा नेट बलको प्रशिक्षण




वास्केट बलमा जस्तै पोलमा रहेको बास्केटमा बल छिराएर खेल्ने खेल नै नेट बल खेल हो। वास्केटमा बल छिराएर खेल्ने खेल भएतापनि बास्केट बल खेल होइन। यसलाई नेट बल भनिन्छ। यसमा सात जना खेलाडीहरु हुन्छन्। यसमा शरीर छोएर बल खोस्न पाईंदैन। यस्तै बास्केट बल खेलभन्दा भिन्नै किसिमको खेल हो।

त्रिविवि शारीरिक शिक्षा समूह (तेस्रो समेष्टर) का विद्यार्थीहरुको पहिलो प्रोजेक्ट अन्तर्गत पाँगास्थित जनसेवा उच्च मा.वि.का कक्षा ७ र ८का छात्राहरुलाई नेटवल प्रशिक्षण दिइएको हो। प्रशिक्षण समाप्ति पछि गत माघ ९ गते शनिवार जनसेवाका ४ वटा हाउसहरुको वीचमा प्रतियोगितात्मक खेल खेलाइएको थियो। उक्त प्रतियोगिता पछि भएको कार्यक्रममा नेपाल नेटवल संघका अध्यक्ष वीर बहादुर तामाङ प्रमुख अतिथि एवं प्रा.डा. हुमबहादुर वरुवाल विशेष अतिथिको अन्य अतिथिहरुमा विषय शिक्षक प्रा.डा. रामकृष्ण महर्जन, प्राचार्य नन्दकुमारी महर्जन, ई दुर्कमान महर्जन , कोअर्डिनेटर देवराज महर्जन हुनुहुन्थ्यो।

विजयी खेलाडीहरुलाई ट्रफी, पदक र प्रमाण पत्र प्रमुख अतिथी तथा विशेष अतिथिले प्रदान गरिएको थियो।

*कीर्तिपुरका साथ साथै राष्ट्रिय समाचार सहितको प्रत्येक बुधवार विशेष अंक कीर्तिपुर सन्देश साप्ताहिक तपाईको घर घरमा*

**kirtipur_sandesh@live.com**

http:kirtipursandesh.blogspot.com

## भावपूर्ण श्रद्धाञ्जली

जन्मः वि.सं.२०१३/१०/१५



निधनः वि.सं.२०७२/०९/२९

**स्व. झुनु कार्की**

यस संस्थाका संस्थापक अध्यक्ष श्री चञ्चल कार्की, दाइ श्याम कार्की र भाइ प्रदीप कार्कीका ममतामयी आमा **झुनु कार्की**को असामयीक स्वर्गारोहण भएकोमा गहिरो दुःख प्रकट गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनमा इश्वरले धैर्य धारण गर्ने शक्ति प्रदान गरुन भन्ने कामना सहित हार्दिक समवेदना व्यक्त गर्दछौं।

**न्हूगु पलाः**

धुसि, पाँगा

## भावपूर्ण श्रद्धाञ्जली

जन्मः वि.सं.१९८४/०९/०८



निधनः वि.सं.२०७२/१०/०२

**स्व. देवलक्ष्मी महर्जन**

मंगल उच्च माविका शिक्षक दिलिपकुमार महर्जनको हजुर आमा देवलक्ष्मी महर्जको यहि माघ २ गते असामयीक स्वर्गारोहण भएकोमा गहिरो दुःख प्रकट गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनमा इश्वरले धैर्य धारण गर्ने शक्ति प्रदान गरुन भन्ने कामना सहित हार्दिक समवेदना व्यक्त गर्दछौं।

**मंगल उच्च मावि**

नयाँबजार, कीर्तिपुर

# तथ्यांङक आफै बोल्छ जारी भएको नयाँ संविधान कस्कालागी ?

तालिका १ः प्रदेश र प्रमुख जातजाति

| प्रदेश | पहिलो जाति | दोश्रो जाति | तेश्रो जाति | चौथो जाति |
|---|---|---|---|---|
| १ | खस आर्य (२८%) | तराई जनजाति (१२%) | राई (११%) | लिम्बु (८%) |
| २ | मधेसी हिन्दु जात (५२%) | मधेसी दलित (१६%) | मुसलमान (१२%) | तराई जनजाति (८%) |
| ३ | खस आर्य (३७%) | तामाङ (२०%) | नेवार (१७%) | पहाडी दलित (५%) |
| ४ | खस आर्य (४२%) | मगर (१७%) | पहाडी दलित (१७%) | गुरूङ (११%) |
| ५ | खस आर्य (३०%) | मगर (१६%) | थारू (१५%) | पहाडी दलित (१०%) |
| ६ | खस आर्य (६२%) | पहाडी दलित (२३%) | मगर (११%) | अन्य (४%) |
| ७ | खस आर्य (६०%) | थारू (१७%) | पहाडी दलित (१३%) | अन्य (१०%) |

संविधानसभावाट जारी भएको संविधान नेपालका सबै जाती र समुदायको लागि भनी सरकारमा प्रतिनिधित्व गरेका र राजनीतिक पार्टीहरुदखि प्रमुख प्रतिपक्ष दलका नेताहरुले समेत सार्वजनिक रुपमा बोल्दै आए छन् तर ७ वटा प्रदेश मध्य कुन प्रदेशमा कुन जाती समुदायको अव वर्चस्व हुनेछ भन्ने कुरा तथ्याङकले स्पष्ट भएको छ ।





पत्रकार श्रीकृष्ण महर्जनया प्यंगूगु सफू

किपूया गथु प्याखं (गं मखा:गु प्याखं)

सफू बजारय् पिदने धुंकूगु दु थ:गु

प्रति सुरक्षित यानादिसँ

मू सच्छि तका जक (१००/–)







# भावपूर्ण श्रद्धाञ्जली



जन्मः
वि.सं.२०१३ जेठ
२० गते शनिवार



निधनः
वि.सं.२०७२ पुष
२५ गते शनिवार





स्व. तीर्थराम महर्जन

हाम्रा आत्मिय मित्र श्री त्रिचन्द्र सिंह तथा भाइहरु निरोज सिंह र फिरोज सिंहका पुजनीय पिता **तीथराम महर्जन**को २०७२ पुष २५ गते शनिवारका दिन असामयीक स्वर्गारोहण भएकोमा गहिरो दुःख प्रकट गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनमा इश्वरले धैर्य धारण गर्ने शक्ति प्रदान गरुन भन्ने कामना सहित हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**श्रद्धाञ्जली व्यक्त गर्नेहरु**

दिनेश महर्जन
लोकलाल महर्जन
निलकण्ठ महर्जन
हरेराम महर्जन

विष्णु महर्जन
प्रदिप महर्जन
दशरथ महर्जन
रवि तण्डुकार
सुविन गोपाल प्रधान

श्रीराम महर्जन
अजय महर्जन
बुद्धराम महर्जन
महेशराम महर्जन

## निर्वाण कामना



जन्मः
ने.सं.१०४६ मार्ग चतुथी

निधन
ने.सं.११३६ पौष पञ्चमी

स्व. सुर्जमाया डंगोल

**Megatech Trading (Pvt) Ltd** परिवार
या संस्थापक दुजः पाँगा दथलटोलया भाजु अशोक डंगोलया मां **सुर्जमाया डंगोल**
ने.सं.११३६ पौष पञ्चमी खुन्हु मदुगुलिं मदुम्ह वय्‌कःया निर्वाण कामना यासें दुःखंकःपिं सकल छेँजःपिंसं मन चिइ फयेमा धकाः बिचाः हायेका च्वना ।

Megatech Trading (Pvt) Ltd परिवार

टाउन प्लानिंग चोक, नयाँबजार, कीर्तिपुर–१७

## भावपूर्ण श्रद्धाञ्जली



जन्मः
ने.सं.१०४६ मार्ग चतुथी

निधन
ने.सं.११३६ पौष पञ्चमी

स्व. सुर्जमाया डंगोल

यस संस्थाका शेयर सदस्य सुश्री रचना डंगोल र अंशु डंगोलका हजुर आमा तथा शेयर सदस्य श्रीमती पुनमाया डंगोलज्यूका सासु आमा **सुर्जमाया डंगोल**को ९१ वर्षको उमेरमा असामयिक निधन भएकोमा हामी अत्यन्त मर्माहत भएका छौं ।
यस दुःखद घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकशन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

पाँगा बहुउदेश्यीय सहकारी संस्था लि.

ढोकासी, पाँगा, कीर्तिपुर–९

# भावपूर्ण श्रद्धाञ्जली

जन्मः
वि.सं.२०१३/१०/१५



निधनः
वि.सं.२०७२/०९/२९

**स्व. झुनु कार्की**

यस संस्थाका संस्थापक शेयर सदस्य श्री चञ्चल कार्कीका ममतामयी आमा **झुनु कार्की**को असामयीक स्वर्गारोहण भएकोमा गहिरो दुःख प्रकट गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनमा इश्वरले धैर्य धारण गर्ने शक्ति प्रदान गरुन भन्ने कामना सहित हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**परिवर्तनकारी बचत तथा ऋण सहकारी संस्था लि. परिवार**

नयाँबजार, कीर्तिपुर-१७ फोन नं.०१४३३३७१३


प्रमाणित सुन तथा चाँदीका गहनाका लागि
पद्ममिनि
Jewellers
अहिले पनि पद्ममिनिको गहना जहिले पनि
सुन भनेको विश्वास हो
२४ क्यारेट भनेर किने पछि
२४ क्यारेट नै हुनुपर्छ
सुनका गहना, आर्कषक
डिजाईन र भरपर्दो हुनुपर्छ
स्थान : त:ग वपी,नगाऊँ ढोबाटो, कीर्तिपुर-१७
सर्म्पक : ९८०२०१३७८०